## मिति २०७३।०७।१० गतेको न.पा. बोर्ड बैठक

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री गोपाल प्रसाद रेग्मीज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री गोपाल प्रसाद रेग्मी - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री यमलाल पाण्डे - ब.ई, सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री प्रभात ज्ञवाली - कम्प्युटर अधिकृत, सि.न.पा.
श्री योगराज पन्थी - ना.सु.का.वा.अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १**

सिद्धार्थनगर नगरपालिकाको मिति21 November 2011 को बोर्ड बैठकद्वारा स्वीकृत भई सिद्धार्थनगर नगरपालिकामालागु गरिएको"Comprehensive Financial Management Improvement Plan"लाई सिद्धार्थनगर नगरपालिकाकाकार्यकारी अधिकृत, विभिन्नशाखाकाशाखाप्रमुखहरु तथाएशियालीविकास बैंककावित्तियविशेषज्ञ श्री पवनलोहनी समेतको संयुक्त छलफलबाट 23 June 2016मातयार गरीएको "Comprehensive Financial Management Improvement Review Report"लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार र एशियालीविकास बैंकको ऋण तथाअनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालितएकीकृत शहरी विकास आयोजना, परियोजनाकार्यान्वयनइकाई, सिद्धार्थनगर अन्तर्गत नियुक्तDesign and Supervision Consultant (DSC)द्वारा पेश गरिएको Updated Business Planलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

Design and Supervision Consultant (DSC)द्वारा पेश गरीएको Sanitation Action Planलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकार र एशियालीविकास बैंकको ऋण तथाअनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालनहुने गरी प्रस्ताव गरीएको क्षेत्रीयशहरी विकास आयोजना (RUDP) को लागि सुपरिवेक्षण कन्सल्टेन्ट (Supervision Consultant) छनौटका लागिExpression of Interest Document of Supervision Consultant (SC), सो कार्यका लागि रु. ५,१६,४७,६६७- (मू.अ.कर, प्रोभिजनल सम र

कन्टीन्जेन्सीज समेत) को लागत इष्टिमेट र Supervision Consultant छनौटको लागि"Consultant Shortlisting Criteria" ADBद्वारा स्वीकृत भई आयोजना समन्वयकार्यालय (PCO)मार्फतमिति6 October 2016 च.नं. ७३-७४/५९ को पत्रद्वारा स्वीकृतिको जानकारी प्राप्तभएको हुँदाExpression of Interest Document of Supervision Consultant (SC) रु. ५,१६,४७,६६७- (मू.अ.कर, प्रोभिजनल सम र कन्टीन्जेन्सीज समेत) को ल.ई. र Consultant Shorlisting Criteria स्वीकृत गर्ने र 8 October 2016माProject Implementation Unit, Regional Urban Development Project, Siddharthanagar, Rupandehiद्वारा जारी भएको Invitation of Expression of Interest (EOI) को सूचनालाई अनुमोदनगर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा आ.व. २०७३।०७४ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**सार्वजनिक सुनवाई कार्यक्रम**

मिति : २०७३।७।२७ गते शनिवार ।
समय : दिनको १.०० बजे ।
स्थान : सि.न.पा. कार्यालयको परिसर ।

**निर्णय नं ६ (छ)**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा आ.व. २०७२।०७३ को सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुतिकरण गरि छलफल कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

मिति : २०७३।७।२७ गते शनिवार ।
समय : दिनको १.०० बजे ।
स्थान : सि.न.पा. कार्यालय परिसर ।

## मिति २०७३।०७।२५ गतेको न.पा. बोर्ड बैठक

**निर्णय नं. १ -एक)**

राजश्व परामर्श समितिको मिति २०७३।०७।२४ गतेको सिफारिश बमोजिम नगरपालिकाद्धारा निर्माण गरिएको वडा नं. १ बेलहिया भंसार कार्यालयको पुर्वतर्फ प्रथम तल्ला निर्माण भएको शहरी सेवा केन्द्रको कबल (कोठा) हरु २०७३ साल पौष १ गते देखी २०७६ अषाढ मसान्त सम्मको लागि देहायको न्युनतम मासिक भाडामा नघटने गरि भाडा दर कायम गरि भाडामा लगाउने निर्णय गरियो ।

| पसल कवल (कोठा) को विवरण | मासिक भाडा रकम न्युनतम |
|---|---|
| १. पश्चिम मोहडा भएको कवल (कोठा) नं. १,२,४ र ५ (प्रति कोठा ठुलो) | १२,०००।- (बाह्र हजार) |
| २. पश्चिम मोहडा भएको कवल (कोठा) नं.३ (प्रति कोठा सानो) | ५,०००।- (पांच हजार) |
| ३. उत्तर मोहडा भएको कवल (कोठा) नं. ६ (प्रति कोठा ठुलो) | १२,०००।- (बाह्र हजार) |
| ४. उत्तर मोहडा भएको कवल (कोठा) नं. ७ (प्रति कोठा सानो) | ५,०००।- (पांच हजार) |

**निर्णय नं. २ (दुई)**

नगरपालिका अन्तरगत वडा नं. १ बेलहिया स्थित भैरहवा भंसार कार्यालयको पुर्वतर्फ न.पा. द्धारा निर्माण गरिएको पार्किङ्ग स्थलमा पार्किङ्ग गर्न आउने सवारी साधनहरुको नगरपरिषदले तोकेको दरमा पार्किङ्ग शुल्क उठाउन २०७३ साल अषाढ मसान्त सम्मको लागि न्युनतम मासिक रु.५५,०००।- (पचपन्न हजार) मा नघट्ने गरि ठेक्का लागउने निर्णय गरियो ।